# सर्वोच्च अदालतको
## सूचना

निजामती सेवा नियमावली, (संशोधन सहित) २०२१ को नियम ८.२ को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी श्री सम्माननीय प्रधान न्यायाधीशज्यूबाट देहायका व्यक्तिहरूलाई अर्को आदेश नभएसम्म देहायका अदालतको अञ्चल न्यायाधीश (राजपत्राङ्कित प्रथम श्रेणी) पदमा अतिरिक्त का.मु. अञ्चल न्यायाधीश भई काम गर्ने मिति २०३१।२।२।४ देखि कायम मुकायम मुकरर गरिएको छ।

(१) लुम्बिनी अञ्चल अदालतका अतिरिक्त का.मु. अञ्चल न्यायाधीश श्री नरेन्द्रबहादुर न्यौपानेलाई नारायणी अञ्चल अदालतको अतिरिक्त का.मु. अञ्चल न्यायाधीश पदमा ।

(२) नारायणी अञ्चल अदालतका अतिरिक्त का.मु. अञ्चल न्यायाधीश श्री वसुदेव उपाध्यायलाई लुम्बिनी अञ्चल अदालतको अतिरिक्त का.मु. अञ्चल न्यायाधीश पदमा ।

आज्ञाले–
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार

# सर्वोच्च अदालतको
## सूचना

निजामती सेवा नियमावली, (संशोधन सहित) २०२१ को नियम ८.२ को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी श्री सम्माननीय प्रधान न्यायाधीशज्यूबाट डोटी तथा बाजुरा जिल्ला अदालतको का. मु. जिल्ला न्यायाधीश श्री पशुपतिनाथ खरेललाई अर्को आदेश नभए-सम्म अछाम जिल्ला अदालतको का.मु. जिल्ला न्यायाधीश (राजपत्राङ्कित तृतीय श्रेणी) भई काम गर्ने मिति २०३१।२।४।६ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले–
सुरेन्द्रप्रसाद सिंह
रजिष्ट्रार

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

९६०९ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।